प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

---

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/०५

### १) मुख्यमुख्य क्रियाकलापहरुः-

- आज काठमाडौंमा ३ जना (दुई महिला र एक पुरुष), नुवाकोटमा ३ जना (१ महिला र २ पुरुष), चितवनमा र सिन्धुलीमा एक-एक जना, मकवानपुरमा ८ जना ( ६ जनाको पहिचान हेटौडा स्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालामा र दुई जनाको पहिचान टेकु स्थित राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा भएको), र सिन्धुपाल्चोकमा २१ जनामा नयाँ संक्रमण देखा परेको छ। यसरी आज कुल ३७ जनामा नयाँ संक्रमण देखा परेको छ । सबैको स्वास्थ्य अवस्था सामान्य रहेको छ। संक्रमित हुनुभएका व्यक्तिहरुको सम्पर्कमा रहेका व्यक्तिहरुको खोजि (Contact tracing) र पृथकीकरण गर्ने कार्य सम्बन्धित जिल्लाहरुका स्थनीय निकाय र स्वास्थ्य कार्यालयको समन्वयमा द्रुतगतिमा भईरहेको छ।

- काठमाडौं, भक्तपुर, ललितपुर र चितवन लगाएत विभिन्न जिल्लामा भएका कोभिड-१९ संक्रमितहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, र महानगरपालिकाबाट संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप निरन्तर रुपमा भईरहेको छ ।

### २) महामारीको हालको अवस्थाः-

- नेपालमा हाल सम्ममा जम्मा ८२७४ जनामा संक्रमण देखिएकोमा पछिल्लो अपडेट अनुसार बागमती प्रदेशमा संक्रमितको संख्या जम्मा २८१ जना छ ।संक्रमितमा करिब दुईतिहाई पुरुष रहेका छन् भने २१ देखि ३० बर्ष समुहका पुरुषहरुको बाहुल्यता रहेको छ ।त्यस्तै महिलामा पनि संक्रमित महिला मध्य २१ देखि ३० बर्षको समुहमा बडी देखिएको छ । जम्मा संक्रमित मध्य ५० जना निको भई डिस्चार्ज भईसकेको अवस्था छ(HEOC को २०७७/०३/०३ को तथ्यांक अनुसार डिस्चार्ज भएकाको विवरण राखिएको) ।
- बागमती प्रदेशमा संक्रमितहरु मध्ये ४ जनाको दुखद् मृत्यु भएको छ । मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छौ ।

### ३) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदनः-

- आज मिति २०७७।०३।०५ गते बेलुका ५:०० बजे सम्ममा बागमती प्रदेश अन्तर्गत कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्न बमोजिम रहेको छ। आज हेटौडा स्थित प्रदेश प्रयोगशालामा कोभिड-१९ परीक्षणको लागि ४७१ वटा नमुना (स्वाब) प्राप्त भएको थियो । आज परिक्षण गरिएकोमा रौतहट राजपुरको ५ वटाको नतिजा पोजिटिभ आएको छ । आज जम्मा ६१८ वटा स्वाब को परिक्षण भयो भने बाँकी ३५५ नमुना (स्वाब) परिक्षण हुने क्रममा छ ।

- आजसम्म हेटौडास्थित प्रदेश प्रयोगशालामा कोभिड-१९ परीक्षणको लागि ५३२८ वटा नमुना प्राप्त भएको छ।
- यसको अतिरिक्त हालसम्म यस प्रदेशमा २९३४३ RDT परीक्षण गरिएकोमा ६५४ वटामा पोजिटिभ देखिएको छ ।

## ४) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरणः-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टा इनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | कैफियत |
| काठमाण्डौ | 1351 | 139 | 27 | 256 | 9 | 9576 | 9280 | 296 | 3716 | 30 | (+10) |
| ललितपुर | 137 | 17 | 6 | 124 | 27 | 2458 | 2445 | 13 | 1958 | 4 | (+1) |
| भक्तपुर | 313 | 39 | 21 | 42 | 0 | 1853 | 1845 | 8 | 1511 | 4 | (+5) |
| रसुवा | 277 | 13 | 0 | 35 | 0 | 501 | 490 | 11 | 32 | 0 | |
| नुवाकोट | 1197 | 429 | 283 | 16 | 11 | 2396 | 2318 | 78 | 480 | 15 | |
| धादिङ | 1180 | 287 | 456 | 100 | 86 | 2558 | 2436 | 122 | 797 | 88 | (+6) |
| चितवन | 2465 | 641 | 0 | 302 | 29 | 1357 | 1342 | 15 | 2181 | 38 | (+2) |
| सिन्धुली | 429 | 95 | 114 | 32 | 4 | 1157 | 1124 | 33 | 474 | 4 | (+3) |
| मकवानपुर | 352 | 91 | 280 | 35 | 1 | 1709 | 1692 | 17 | 788 | 10 | (+4) |
| रामेछाप | 331 | 92 | 6 | 71 | 17 | 862 | 856 | 6 | 339 | 19 | (+3) |
| दोलखा | 1185 | 223 | 1 | 41 | 0 | 1377 | 1371 | 6 | 188 | 0 | (+2) |
| काभ्रे | 807 | 87 | 66 | 13 | 0 | 2243 | 2205 | 38 | 416 | 0 | (+6) |
| सिन्धुपाल्चोक | 643 | 117 | 81 | 38 | 6 | 1296 | 1285 | 11 | 544 | 23 | (+4) |
| जम्मा | 10667 | 2270 | 1341 | 1105 | 190 | 29343 | 28689 | 654 | 13424 | 235 | (+46) |

+ सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार

## ५) बागमती प्रदेशमा संक्रमितहरुको विवरणः-

| क्र . .स | जिल्ला | कोभिड-१९ संक्रमितको संख्या | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | डिस्चार्ज भएका | |
| १ | काठमाण्डौ | ४० | | | |
| २ | चितवन | ४० | | | २०७७/०२/२७ मा १ जनाको मृत्यु |
| ३ | भक्तपुर | ९ | | | |
| ४ | धादिङ | ९४ | | | |
| ५ | मकवानपुर | १४ | | | |
| ६ | काभ्रे | ६ | | | |
| ७ | सिन्धुपाल्चोक | २७ | | | २०७७/०२/०३ मा १ जनाको मृत्यु |
| ८ | ललितपुर | ५ | | | २०७७/०२/१४ मा १ जनाको मृत्यु |
| ९ | सिन्धुली | ७ | | | |
| १० | रामेछाप | २२ | | | |
| ११ | नुवाकोट | १५ | | | |
| १२ | दोलखा | २ | | | २०७७/०२/२१ मा १ जनाको मृत्यु |
| | जम्मा | २८१ | २३१ | ५० | ४ मृत्यु |

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; HEOC (२०७७/०३/०५);स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिंग (२०७७/०३/०५)

## ६) टेक्निकल अपडेटः-

❖ **कोभिड-१९ का प्राविधिक मार्गदर्शन र थप जानकारीका लागि निम्न उल्लेखित वेब पेज हेर्नको लागि हार्दिक अनुरोध छ।**

| | |
|---|---|
| कोभिड-१९ रोग बाट बचौं र बचाऔं | https://nheicc.gov.np/corona-virus-health-message/ |
| कोभिड-१९ बारे जानकारी राखौं | http://mosd.p3.gov.np/content/370/2020/65019532/ |
| | http://mosd.p3.gov.np/content/364/2020/33319866/ |
| अफवाहको पछि नलागौं ,सही जानकारी राखौं | http://mosd.p3.gov.np/content/368/2020/53726937/ |
| आर टि.डी.(RDT) र पी.आर.सि. (PCR) सम्बन्धी जानकारी | http://mosd.p3.gov.np/content/363/2020/62906522/ |
| प्राय सोधिने प्रश्न र तिनका उत्तरहरु | http://mosd.p3.gov.np/content/369/2020/97524448/ |
| हालको स्थिति र र प्राविधिक मार्गदर्शनका लागि | https://heoc.mohp.gov.np/update-on-novel-corona-virus-covid-19/ |
| अन्य थप जानकारीको लागि | https://covid19.mohp.gov.np/; heoc.mohp.gov.np/; edcd.gov.np/ |

❖ **विभिन्न अध्ययन र अनुसन्धानको तथ्यांकमा आधरित भएर परिमार्जित गरेको कोभिड-१९ को राष्ट्रिय परिक्षण निर्देशिकाले कोभिड-१९ परिक्षणको लागि निम्न बमोजिमको प्राथमिकता तोकेको छ । सो अनुसार कार्य गर्न सम्बन्धित सबै निकायहरु र आमजनसमुदायहरुमा हार्दिक अनुरोध गरिन्छ ।**

पहिलो प्राथमिकता -

क) संक्रमणको जोखिम उच्च रहेका सबै शंकास्पद केसहरु (धेरै हिंडडुल गरिरहने, विदेशबाट वा संक्रमण उच्च रुपमा फैलिएको स्थानबाट फर्किएका)

ख) संक्रमित व्यक्तिहरुसँग सम्पर्कमा आएका व्यक्ति

दोस्रो प्राथमिकता -

क) अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी (डाक्टर, नर्स, प्रयोगशालाकर्मी, पारामेडिक्स) र सहयोगी स्टाफ ( एम्बुलेन्स चालक, स्वास्थ्य संस्थाका सहयोगी स्टाफ)

ख) संवेदनशील कार्यमा खटिएका जनशक्ति (सुरक्षाकर्मी, फोहोरमैला व्यवस्थापनमा खटिएका जनशक्ति)

ग) कोभिड-१९ को शंका गरिएका बिरामी जसलाई आकस्मिक मेडिकल र सर्जिकल सेवाको आवश्यक छ

घ) शंकास्पद बिरामी जसको नतिजा प्रतिकुल हुन सक्दछ (पुरानो रोग भएका, वृद्ध)

तेस्रो प्राथमिकता -

क) संक्रमितको संख्या तीव्र रुपमा बढिरहेको समुदायका बासिन्दा

ख) कोभिड-१९ का लक्षण भएको तर माथि उल्लेखित समुहमा नपर्ने

प्राथमिकतामा नपर्ने समुह -

क) कोभिड-१९ का लक्षण नभएका , सक्रमित व्यक्तिसँग सम्पर्कमा नआएका र विदेशबाट वा संक्रमण उच्च रुपमा फैलिएको स्थानबाट नफर्किएका व्यक्ति

ख) आफै जाँच गर्न इच्छुक व्यक्ति

## ७) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेको कोभिड-१९ रोगबाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो तसर्थ लकडाउनको पालना गरौं, सामाजिक दुरी कायम गरौं र संक्रमणबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं।

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाब र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई